प्रतिदिन राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
प्रतिदिन १७औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३६ ॥ २०८२ कातिक ०१ गते शनिबार (18th Oct 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

# चुनावमा जान नहुने ओलीको प्रस्ताव

झापा(प्रस) । एमाले अध्यक्ष केपी शर्मा ओलीको चुनावमा जान नहुने भन्ने प्रस्तावमा उपाध्यक्षद्वय युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले प्रतिवाद गरेका छन् ।

केन्द्रीय कमिटी बैठकको अन्त्यमा बोल्दै ओलीले चुनावमा जान नहुने बताएका थिए । त्यसपछि ज्ञवाली र शाक्यले प्रतिवाद गरेका हुन् ।

केन्द्रीय कमिटीमा प्रतिनिधिसभा पुनःस्थापना नभए चुनावको तयारी गर्नुपर्ने केन्द्रीय सदस्यहरुको सुझाव थियो ।

ओलीले वर्तमान सरकार आफूलाई पक्राउ गरेर थुन्न लगातार प्रयासमा लागेको आरोप लगाएका छन् ।

शुक्रबार केन्द्रीय कमिटी बैठकको समापन सम्बोधन गर्ने क्रममा उनले गृहमन्त्री ओमप्रकाश अर्याल आफूलाई थुन्नका लागि लगातार छलफलमा रहेको बताए ।

‘केपी ओलाई कसरी थुन्न सकिन्छ भनेर गृहमन्त्रीले सल्लाह र छलफल गर्नुभयो, कहीँकतै केही भेटिएन,’ ओलीले बैठकमा भने, ‘हिजो जेनजीहरूले मान्दै मानेनन् । केपी ओलीलाई त जसरी पनि थुन्नुपर्छ भनेर सरकार लगातार प्रयासमा छ ।’

जेनजीहरूले आफूहरू दलविरुद्ध नभएको बताएको भन्दै उनले भने, ‘साथीहरूले नरम भाषा बोल्नुस् भन्नुभएको छ । यसमा चिनी थपिदिनु ?’

उनले पार्टीभित्रका कुराहरू बाहिर नल्याउन र पार्टीमै छलछफल गर्न पनि नेताहरूलाई आग्रह गरे



।अहिले तोकिएको निर्वाचन नहुने उनको जिकिर थियो ।

एमालेले २२ बुँदे समसामयिक प्रस्ताव पारित

बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीको ‘मुलुकको राजनीतिक परिस्थिति र हाम्रो नीति गरेको छ। यही असोज २९-३१ गतेदेखि सुरु भएको केन्द्रीय कमिटीको दसौँ पूर्ण बैठकले २२ बुँदे समसामयिक प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो।

सम्बन्धी विशेष प्रस्ताव’ सुझावसहित सर्वसम्मतिले पारित गरेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए। उनले भने, पारित प्रस्तावमा भदौ २३ गते आयोजित जेनजी प्रदर्शन, संसद् भवनमा आगजनी, गोली प्रहार र हत्या, भदौ २४ को त्रासदीपूर्ण घटना, वर्तमान अन्तरिम सरकार, प्रतिनिधिसभा विघटन, छानबिन आयोग सम्बन्धमा दुष्प्रचार, नियोजित षड्यन्त्रका सम्बन्धमा, निर्वाचनका सम्बन्धमा जोखिमपूर्ण बन्दै गएको, शान्ति सुरक्षाको स्थिति, भ्रष्टाचार नियन्त्रण र सुशासन नवयुवा पुस्ताको सरकार, लोकतान्त्रिक शक्तिहरूलाई सहयोगका लागि आह्वान पार्टीको आन्तरिक एकतालाई थप सुदृढ र उच्च बनाउनुपर्ने, देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन जनआन्दोलनको विकल्प नरहेकोले संविधान र लोकतन्त्रका पक्षधर राजनीति दलहरू र आमनागरिकलाई आह्वान गरिएको छ।

यस्तै बैठकले पार्टीको आगामी महाधिवेशन आगामी मंसिर २७-२९ गते पोखरामा गर्ने निर्णय गरिएको छ। बैठकमा उपस्थित केन्द्रीय कमिटी, पोलिटब्युरो सदस्य, स्थायी कमिटी सदस्य, केन्द्रीय सचिवालयसम्बद्ध केन्द्रीय पदाधिकारीले आफ्नो सुझावसहितको मन्तव्य राखेका थिए।

# कांग्रेस महामन्त्री थापाद्वारा मंसिरमै महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक

झापा(प्रस) । पार्टीभित्र सहमति नजुटेपछि कांग्रेस महामन्त्री गगन थापाले मंसिर २७-२९ मा केन्द्रीय महाधिवेशन सम्पन्न गर्न सकिने कार्यतालिका सार्वजनिक गरेका छन् । केन्द्रीय कार्यसमितिको बैठक बस्नुअघि बिहीबार बिहानको कार्यसम्पादन समितिको बैठकमा थापाले वडादेखि केन्द्रसम्मका सबै तहका अधिवेशनको तालिका प्रस्ताव गरेका थिए । केन्द्रीय कार्यसमितिमा एजेन्डा लैजान छलफलमा ल्याएको उक्त प्रस्तावलाई संस्थापनपक्षीय नेताहरूले नमानेपछि थापाले शुक्रबार सबैको जानकारीका लागि सार्वजनिक गरेका हुन् । यसले कांग्रेसभित्र थप विवाद चर्किँदै गएको छ ।

थापाले सार्वजनिक गरेको तालिकामा कात्तिक २१ गतेभित्र क्रियाशील सदस्यताको नवीकरण र नयाँ सदस्यताको टुंगो लगाएर अधिवेशन सुरु गरिने उल्लेख छ । उनको प्रस्ताव अनुसार कात्तिक २१ गतेसम्म नयाँ र नवीकरण सदस्यता टुंग्याउने, कात्तिक मसान्तभित्र निर्वाचन समितिलाई सदस्यताको नामावली बुझाउने, मंसिर ५ मा देशभर एकैदिन वडा अधिवेशन, मंसिर ८ मा गाउँ/नगर, उपमहानगर/महानगरपालिकाको अधिवेशन गर्ने, मंसिर १२ मा प्रदेशसभा र क्षेत्रीय अधिवेशन गर्ने उल्लेख छ । त्यसैगरी मंसिर १५ मा प्रतिनिधिसभा क्षेत्रीय र त्यसैदिन विदेशस्थित जनसम्पर्क समितिका अधिवेशन गर्ने, मंसिर १८ मा जिल्ला, मंसिर २१ मा प्रदेश अधिवेशन सम्पन्न गरेर मंसिर २७-२९ गतेसम्म केन्द्रीय अधिवेशन गर्ने प्रस्ताव छ ।

केन्द्रीय कार्यसमिति र कार्यसम्पादन दुवैमा संस्थापन पक्षको बाहुल्य रहेकाले महामन्त्री थापाको उक्त प्रस्ताव औपचारिक रूपमा अघि बढ्न पाएको छैन । केन्द्रीय कार्यसमितिको बैठकमा महाधिवेशनको कार्यतालिका लैजाने विषयमै संस्थापन पक्ष अनुदार भएपछि थापाले मंसिर मसान्तसम्म सकिँदै गरेको कार्यसमितिको कार्यकाल थप्ने प्रस्ताव समेत नलैजाने बताउँदै आएका छन् ।

‘मंसिरभित्रै नियमित महाधिवेशन गर्न तयार नहुने हो भने विशेष महाधिवेशनमा जानुपर्छ र त्यसको तयारी पनि सँगसँगै गर्नुपर्छ भन्ने महामन्त्री थापाको योजना छ,’ थापा निकट एक केन्द्रीय सदस्यले भने ।

मंसिरभित्रै नियमित महाधिवेशन गर्ने कि नगर्ने भन्नेमा संस्थापन पक्षभित्र नै विभाजित मत देखिन थालेको छ । कार्यवाहक सभापतिसहित पूर्वपदाधिकारीहरूको समूह निर्वाचनपछि मात्रै नियमित महाधिवेशनमा जानुपर्ने तर्क गरिरहेका छन् । शुक्रबारको केन्द्रीय कार्यसमितिको बैठकमा बोल्ने संस्थापन पक्षकै सदस्यहरूमध्ये आधा दर्जनभन्दा बढीले मंसिरभित्रै नियमित महाधिवेशनको माग गरेका छन् ।

केन्द्रीय सदस्यहरू भरतकुमार शाह, पुष्पा भूषाल, डिला संग्रौला, अर्जुनकुमार जोशी, जीपछिरिङ लामा, मुक्ताकुमारी यादव, कैकुलाल वाल्मीकि, नारायणी रायमाझीलगायतले सभापति शेरबहादुर देउवाले समयभित्रै महाधिवेशन गर्नुपर्छ भनेर दिएको अभिव्यक्तिको स्मरण गर्दै मंसिरभित्रै नियमित महाधिवेशन गर्नुपर्ने धारणा राखेका थिए । संस्थापनपक्षीय सदस्य जोशीले सभापतिले दिएको अभिव्यक्तिलाई आफूअनुकूल व्याख्या नगरी मंसिरभित्रै नियमित महाधिवेशनमा जानुपर्ने धारणा राखे ।

‘नेताहरूले सत्तालाई निजी सम्पत्ति र पेवा ठान्दा आज यो अवस्था आएको छ । आज सबैको घर-घरमा जेन जेड छन् । घरभित्रै चुनौती छ । कित्ता र गुटको नाममा आँखा चिम्लिएर बस्दा यो अवस्थामा पुगेका छौं,’ जोशीको भनाइ थियो, ‘महाधिवेशनलाई चुनावअगाडि कि पछि भनेर बस्ने बेला होइन । समयभित्रै महाधिवेशन गर्न जरुरी छ ।’ केन्द्रीय सदस्य पुष्पा भूषाल र डिला संग्रौलाले विशेष महाधिवेशनले पार्टीभित्र विभाजित मानसिकता बनाउने भन्दै पार्टी एकतावद्ध बनाउन पनि मंसिरमै नियमित महाधिवेशन हुनुपर्ने बताए ।

केन्द्रीय सदस्य जीपछिरिङ लामाले कांग्रेस र एमालेको गठबन्धनले अहिलेको यो स्थिति उत्पन्न गराएको बताए । ‘कहिले कुलमानलाई हटाउने, कहिले राज्यमन्त्रीलाई हटाउने र सरकारको सही मूल्याङ्कन नगर्ने कामले अहिले यो स्थिति उत्पन्न भयो,’ उनले भने, ‘५० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेर विशेष महाधिवेशनको माग गरिसकेको अवस्थामा मंसिरभित्र नियमित महाधिवेशन गर्नु उपयुक्त विकल्प हुन्छ ।’

अर्की सदस्य मुक्ताकुमारी यादवले अब देश हाँक्ने भनेका युवा जमात नै हुन् भन्दै केन्द्रीय कार्यसमितिमा मंसिरभित्रै नियमित महाधिवेशनको तालिका आउनुपर्ने बताइन् ।

केन्द्रीय सदस्य प्रदीप पौडेलले अहिलेको विद्रोहको सम्बोधन, विशेष महाधिवेशनको माग, युवाहरूको संलग्नता वृद्धि तथा तोकिएको प्रतिनिधिसभा निर्वाचनलाई ध्यानमा राखेर तत्काल १५औं महाधिवेशनमा जानुपर्ने बताएका थिए ।

❖ बाँकी तेस्रो पृष्ठमा

# नेपाल एसिया-इस्ट एसिया प्यासिफिक छनोट च्याम्पियन

झापा(प्रस) । आईसीसी ट्वान्टी-२० विश्वकप पुगेको नेपालले ट्वान्टी-२० एसिया-इस्ट एसिया प्यासिफिकमा छनोट उपाधि जितेर दोहोरो खुसीयाली मनाएको छ । शुक्रबार अन्तिम खेलमा सामोआलाई १२४ रनले पराजित गरेपछि नेपाल विजेता बनेको हो ।

नेपालले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को आयोजनामा भएका प्रतियोगिताहरुमा जितेको यो सबैभन्दा ठूलो प्रतियोगिता हो । २०१८ को अक्टोबरमा मलेसियामा नेपालले ट्वान्टी-२० विश्वकपको एसिया छनोटका लागि आयोजित इस्टर्न क्षेत्रीय प्रतियोगिता जितेको थियो ।

ओमानमा भइरहेको प्रतियोगिताको सुपर सिक्सको यसअघिका तीन खेल जितेर ८ अंकसहित नेपालले यसअघि नै फेब्रुअरी ७ देखि मार्च ८ सम्म भारत र श्रीलंकामा २० राष्ट्र सम्मिलित आईसीसी ट्वान्टी-२० विश्वकपमा छनोट भइसकेको थियो ।




२०१३ मा पहिलो पटक ट्वान्टी-२० विश्वकपमा छनोट हुँदा यूएईमा भएको ग्लोबल छनोटमा तेस्रो भएको थियो । त्यसको १० वर्षपछि ट्वान्टी-२० विश्वकपमा पुनरागमन गर्नेक्रममा काठमाडौंमा भएको एसिया छनोटमा नेपाल उपविजेता भएको थियो ।

नेपालसहित ओमान र यूएईले पनि ट्वान्टी-२० विश्वकपमा स्थान निश्चित गरिसकेका थिए । अपराजित रहि विजेता बनेर नेपालले १० अंक जोडेको हो । ओमानको ८ र यूएईको ६ अंक रह्यो । नेपालले सामोआलाई पराजित गरी ओमानलाई २ अंकले पछाडि पारेको हो । २ सय १२ रनको लक्ष्य लिएर आएको सामोआ ७ विकेट गुमाई ८७ रनमात्र बनाउन सक्यो । ओपनर सिन सोलिआले सर्वाधिक ४० रन बनाए । उनले ३७ बल खेलि २ चौका र १ छक्का प्रहार गरे । बेन्जामिन माइलताले ११ रन बनाए । ललित राजवंशीले ३ विकेट लिए । उनले ४ ओभरमा १ मेडन राख्दै १३ रन खर्चे । करण केसी, सन्दीप लामिछाने र कप्तान रोहित पौडेलले १-१ विकेट लिए ।

यसअघि टस हारेपछि ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ४ विकेट गुमाई २ सय ११ रन बनाएको थियो । आसिफ शेख र कुशल भुर्तेलले पावर प्लेको पहिलो ६ ओभरमा ६१ रन जोडेर नेपाललाई आक्रामक सुरुआत दिलाएपछि नेपालले विशाल स्कोर बनाएको हो ।

भुर्तेल १५ बल खेलि २ चौका र १ छक्कासहित १७ रन बनाई आउट भए । आसिफले ६९ रन बनाए । ट्वान्टी-२० अन्तर्राष्ट्रियमा यो उनको उच्च स्कोर हो । अघिल्लो महिना उनले शारजहाँमा वेस्ट इन्डिजविरुद्ध ६८ रन बनाएका थिए । आसिफले ४१ बल खेल्दै ७ चौका र ४ छक्का प्रहार गरे । प्रतियोगितामा पहिलो पटक मौका पाएका आसिफका दाई आरिफ २ चौकासहित ९ रन बनाई आउट भए । दीपेन्द्रसिंह ऐरीले ५३ रन बनाए । उनले ३३ बल खेलि २ चौका र ४ छक्का प्रहार गरे ।

नेपालले अन्तिम ५ ओभरमा ७९ रन जोडेको थियो । रोहित ११ बल खेलि समान १ चौका र छक्कासहित २२ तथा लोकेश बम १२ बल खेलि २ चौका र ४ छक्कासहित ३९ रन बनाई अविजित रहे ।

## बिरामी गम्भीर भएपछि बीएण्डसी अस्पतालमा विवाद

झापा(प्रस) ।बिरामीको अवस्था गम्भीर भएपछि विरामीका आफन्तहरुले बिर्तामोडको बीएण्डसी अस्पतालमा विवाद गरेका छन् ।

बीएण्डसी अस्पतालस्थित पूर्वाञ्चल क्यान्सर अस्पतालमा भद्रपुर -७ बस्ने बर्ष ४४ का दशरथ तामाङ जिव्रोको क्यान्सर सम्बन्धी बिरामी भई भर्ना भएका थिए । उपचारका क्रममा बिहीवार शल्यक्रिया गरेपश्चात् बिरामीको अवस्था गम्भीर भई भेन्टिलेटरमा राखिएको थियो । शुक्रवार साँझ ७ बजेतिर चिकित्सकको लापरबाहीले बिरामीको अवस्था गम्भीर भएको भन्दै बिरामीका आफन्तहरु करिब ३० जना अस्पताल परिसरमा भेला भई विवाद गरेका हुन् ।

इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली खटिएर स्थितिलाई नियन्त्रणमा लिएको थियो । विवादपछि अस्पताल प्रशासन र पीडित पक्षबीच अस्पताल परिसरमा वार्ता भएको थियो । वार्तामा चिकित्सकले विरामीलाई निको पार्ने बताएको जनाइएको छ ।

## डीएसपी खड्कालाई “उत्कृष्ट प्रहरी कार्य” पुरस्कार



झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक(डीएसपी) खगेन्द्रबहादुर खड्कालाई “उत्कृष्ट प्रहरी कार्य” पुरस्कार प्रदान गरिएको छ । ७० औ प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालय काठमाण्डौमा शुक्रवार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक चन्द्र कुवेर खापुङले राष्ट्र र नागरिक सेवामा समर्पित भई प्रभावकारी प्रहरी सेवा तथा शान्ति सुरक्षा कायम गर्न देखाएको उच्च प्रदर्शन, अनुशासन, व्यावसायिक दक्षता र निरन्तर अठोटका लागि खड्कालाई सो पुरस्कार प्रदान गरेका हुन् ।

बन्द, हडताल, जुलुस, बिरोध कार्यक्रम नियन्त्रणमा डीएसपी खड्काले प्रभावकारी भूमिका निर्वाह गरेवापत् सो पुरस्कार प्रदान गरिएको जनाइएको छ ।

## सर्पले टोकेर १० वर्षीय बालकको मृत्यु

झापा(प्रस) ।सर्पले टोकेर झापाको अर्जुनधारामा एक बालकको मृत्यु भएको छ ।

बिहीवार राति अर्जुनधारा-११चाम्लिङडाँडा बस्ने इन्द्रबहादुर राईका छोरा १० वर्षीय अनिश राईलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा विषालु सर्पले टोकेको थियो ।

उनका बुबाले उपचारको चारआली सर्पदंश केन्द्र ल्याई उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याई डाक्टरले चेकजाँच गर्दा बालकको मृत्यु भइसकेको थियो । मृतकको शव सोही अस्पतालमा रहेको प्रहरीले जनाएको छ ।

## बिर्तामोड नगरपालिकाले १८ जना करारका कर्मचारी हटायो

झापा(प्रस) । बिर्तामोड नगरपालिकाले १८ जना करारका कर्मचारीलाई सेवाबाट हटाएको छ । कात्तिक १ गतेदेखि लागु हुने गरी ती करारका कर्मचारीलाई कामबाट हटाइएको हो । नगर प्रमुख पवित्रा महतारा प्रसाईका स्वकीय सचिव , कानुनी सल्लाहकार , उजुरी प्रशासक , दुईजना कम्प्युटर अपरेटर , एकजना अमिन , एकजना ना.प्रा. स., दुईजना प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका कर्मचारी र ६ जना सुरक्षागार्डलाई कामबाट हटाएको नगरपालिका कार्यालयले जनाएको छ । उनीहरुलाई कात्तिक १ देखि काममा नआउन भनिएको छ ।




अन्तरिम सरकारले दरबन्दीभन्दा बढी कर्मचारी करारमा नराख्न निर्देशन दिएपछि विभिन्न पालिकाहरुले त्यसलाई कार्यान्वयन गर्दै करारका कर्मचारीहरुलाई निकाल्न थालेका छन् ।

# ३ पूर्वप्रधानमन्त्री र २ पूर्वमन्त्रीको सम्पत्ति अनुसन्धान सुरु



झापा(प्रस) । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले तीन पूर्वप्रधानमन्त्री र दुई पूर्वमन्त्रीका नाममा भएका चल-अचल सम्पत्तिको खोजबिन गर्न थालेको छ । सार्वजनिक ओहदा दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आशंकामा विभागले पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल तथा पूर्वमन्त्रीहरू आरजु राणा देउवा र दीपक खड्काको सम्पत्तिमाथि अनुसन्धान अघि बढाएको हो । छानबिनको दायरामा देउवा पुत्र जयवीरसिंह पनि परेका छन् ।

विभागले तीन पूर्वप्रधानमन्त्री, दुई पूर्वमन्त्री र जयवीर तथा उनीहरूका नातागोताका नाममा रहेको बचत, लगानी, कम्पनी र कारोबारको सम्बन्धमा विवरण संकलन गरी पेस गर्न नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिस्ट्रार कार्यालयलाई पत्र लेखिसकेको छ । त्यस्तै, जग्गाजमिनको विषयमा विवरण संकलन गरी बुझाउन भूमि व्यवस्थापन तथा अभिलेख विभागमा पत्राचार गरिएको छ । पत्रबमोजिम विवरण संकलन भइरहेको सम्बद्ध निकायका अधिकारीले जानकारी दिएका छन् ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्राचारपछि विवरण संकलन गरी पठाउन ७७ वटै जिल्लाका मालपोत कार्यालयलाई निर्देशन दिइएको भूमि व्यवस्थापन विभागका एक अधिकारीले जानकारी दिए । बैंक/वित्तीय संस्थामा खोलिएका खाता र तिनमा भएको नगद, गरगहना र बैंकिङ कारोबारको विवरण राष्ट्र बैंकसँग मागिएको छ ।

प्रहरीसँग पनि २४ भदौमा प्रदर्शनकारीले पूर्वप्रधानमन्त्रीद्वय देउवा र दाहाल तथा तत्कालीन मन्त्री खड्काका घरमा भेटिएका जलेका नोटका टुक्रा र खरानीको फरेन्सिक परीक्षणको रिपोर्ट मागिएको छ ।

२४ भदौमा प्रदर्शनकारीले कांग्रेस सभापति देउवा, एमाले अध्यक्ष ओली, माओवादी संयोजक दाहाल लगायतका नेताका घरमा आगजनी गरेका थिए । बूढानीलकण्ठस्थित देउवा र खड्काको निवासमा जलेका नोटका टुक्रासहितका भिडियो र तस्बिरहरू सार्वजनिक भएका थिए ।

त्यस्तै, खुमलटारस्थित दाहालको निवासमा पनि पैसा जलेको दाबी गरिएको छ । विभागले ५ असोजमा देउवा र खड्का तथा ७ असोजमा दाहाल निवास पुगेर मुचुल्का कागज तयार पारेको थियो । मुचुल्का विवरण फरेन्सिक जाँचका लागि विभागले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई पठाएको थियो । त्यसको प्रतिवेदन ब्युरोले विभागलाई बुझाउन बाँकी छ ।

सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्दा घर तथा ससुरालीतर्फ ३ पुस्तासम्मका आफन्तको सम्पत्ति, कम्पनी र कारोबारको जाँचबुझ हुन्छ । विभिन्न निकायबाट मागिएको विवरण प्राप्त भएपछि दोस्रो चरणको अनुसन्धान हुने र आरोपितसँग बयान लिने तयारी रहेको विभागका एक अधिकारीले बताए । 'सम्पत्ति शुद्धीकरणको अनुसन्धानका लागि मूलभूत रूपमा कम्पनी, बैंक/वित्तीय संस्थामार्फत गरिएका कारोबार, घरजग्गा, सेयर, जीवनशैली लगायत विषय हुन्, अनुसन्धानका लागि सुरुमा यी विषय निर्क्योल हुनुपर्छ,' उनले भने ।

'त्यसपछि अनुसन्धानको दायरामा रहेका व्यक्तिमार्फत लाभ लिने नातागोता सबैलाई तहगत रूपमा जोड्दै अघि बढ्नुपर्ने हुन्छ । यसका लागि विभिन्न निकायबाट विवरण संकलन कार्य अघि बढाइएको छ,' उनले भने ।

लामो समयदेखि सत्ता र शक्तिमा रहेका देउवा, ओली र दाहालविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान अघि बढेको यो पहिलो पटक हो । सार्वजनिक खरिद, विभिन्न नियुक्ति, सरुवा/बढुवा, राष्ट्रिय सम्पत्ति हिनामिनालगायत अनेक प्रकरणमा पटकपटक विवादित भए पनि उनीहरूमाथि कहिल्यै अनुसन्धान भएको थिएन ।

जेन-जी विद्रोहले तत्कालीन सरकार ढालेपछि बनेको अन्तरिम सरकारले भने उनीहरूमाथि अनुसन्धान अघि बढाएको हो ।

## कक्षा ११ को आंशिक तथा ग्रेड वृद्धि परीक्षाको नतिजा सार्वजनिक





झापा(प्रस) । राष्ट्रिय परीक्षा बोर्डले कक्षा ११ को आंशिक र ग्रेड वृद्धि परीक्षाको नतिजा सार्वजनिक गरेको छ। बोर्डले २०८२ साल जेठ १३ गतेदेखि २१ गतेसम्म सञ्चालन भएको परीक्षाको नतिजा सार्वजनिक गरेको हो।

नतिजा अनुसार कूल १४ हजार ९ सय १० विद्यार्थी सहभागी भएकोमा ९ हजार ४५६ जना विद्यार्थी उत्तीर्ण भएका छन् । २ जनाको परीक्षा रद्द गरिएको छ ।

नतिजा राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट वा नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशन अनुसार नतिजा प्राप्त गर्न सकिने छ ।

## करिव ५ लाख बराबरको पटाका बरामद

झापा(प्रस) । झापामा दिनहुँ प्रतिबन्धित पटाका बरामद गर्ने क्रममा विहीवार प्रहरीले करिव ५ लाख मूल्य बराबरको पटाका



नियन्त्रणमा लिएको छ ।

बिहीवार दिउँसो २.३० बजे अर्जुनधारा -८ शनिश्चरे बजार बस्ने रमेश खनालले संचालन गरेको कोल्ड सेन्टरको पश्चिमपट्टिको गोदाममा अन्दाजी ३ लाख मूल्यको पटाका बरामद भएको हो । विभिन्न काटुन तथा बोराहरुमा पोका बनाई अबैधरुपमा राखिएका विभिन्न प्रकारका पटाकाहरु इलाका प्रहरी कार्यालय अनारमनीबाट गएको प्रहरी टोलीले बरामद गरेको थियो ।

त्यस्तै विहीवार साँझ ७:३० बजे बिर्तामोड- ४बस्नेत फ्रेसहाउस छेउमा बेवारिसे अवस्थामा करिव डेढ लाख बराबरको पटाका बरामद भएको छ ।

त्यस्तै विहीवार दिउँसो ४ बजे शिवसताक्षी -८ झिलझिलेस्थित पूर्वपश्चिम राजमार्गमा खटिएको प्रहरी टोलीले सुरुङ्गाबाट दमकतर्फ जाँदै गरेको मे १ ह ३१२० नम्बरको अटोलाई चेकजाँच गर्ने क्रममा उक्त अटोमा अबैध रूपमा लुकाई छुपाई लाँदै गरेको अन्दाजी ३५ हजार बराबरको पटाका नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको छ ।

## ६ महिनापछि निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण : प्रधानमन्त्री कार्की

झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले ६ महिनापछि शान्तिपूर्ण तवरले लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताएकी छन्।

शुक्रबार सिंहदरबारमा विभिन्न कूटनीतिक निकायका प्रमुख तथा राजदूतहरूलाई ब्रिफिङ गर्दै प्रधानमन्त्री कार्कीले निर्वाचनको तयारीमा केन्द्रित रहेको उल्लेख गरिन्। अस्थायी रूपमा विदेशमा रहेका नेपाली नागरिकहरूका लागि विश्वव्यापी मताधिकारको सिद्धान्तलाई क्रमशः साकार पार्न बाह्य मतदान प्रणालीको सम्भावनाको पनि खोजी गरिरहेको प्रधानमन्त्री कार्कीले बताइन्। परराष्ट्र सम्बन्ध र नीतिबारे पनि प्रधानमन्त्रीले जानकारी गराएको उनले बताए।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनका क्रममा भएको हिंसात्मक घटनाको सत्यतथ्य छानबिनका लागि न्यायिक जाँचबुझ आयोग गठन गरेको जानकारी गराउँदै भ्रष्टाचारका विषयमा



जेनजी आन्दोलनपछिको परि स्थितिमा आफूले प्रधानमन्त्री पदलाई स्वीकार गरेको भन्दै स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाचन गरेर लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताएकी हुन्।

प्रधानमन्त्री कार्कीले सरकारको सम्पूर्ण ध्यान लोकतान्त्रिक अभ्यासको पारदर्शिता र विश्वसनीयता कायम राख्न अन्तर्राष्ट्रिय पर्यवेक्षणले महत्वपूर्ण भूमिका खेल्ने भन्दै उनले निर्वाचनको यात्रामा मित्रराष्ट्रहरूको निरन्तर सद्भाव र समर्थन हुने विश्वास व्यक्त गरेको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले जानकारी दिए। त्यस्तै समेत विश्वसनीय, निष्पक्ष अनुसन्धान सुरु गर्ने बताइन्। उनले आन्दोलनको क्रममा क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र पुनर्स्थापना गर्नका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरेकाले विकास साझेदारबाट सहयोग हुने विश्वास व्यक्त गरिन्।

## चौहान प्रदेशकै उत्कृष्ट लागूऔषध अपराध अनुसन्धानकर्ता

झापा(प्रस) । करिव तीन महिनाअघि कोशी प्रदेशकै सर्वोत्कृष्ट प्रहरी घोषित भएका प्रहरी निरीक्षक विजय चौहान प्रदेशकै उत्कृष्ट लागूऔषध अपराध अनुसन्धानकर्ताको रुपमा समेत पुरस्कृत भएका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत मेचीनगर-७ काँकडभिट्टा निवासी प्रहरी निरीक्षक चौहानलाई उत्कृष्ट लागूऔषध अपराध अनुसन्धानकर्ताको रुपमा पुरस्कृत गरेको हो ।



७० औं प्रहरी दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालय झापामा आयोजित कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीको हस्ताक्षर भएको सम्मानपत्र प्रहरी उपरीक्षक राजन लिम्बूले चौहानलाई प्रदान गरेका थिए । प्रहरीको पेशागत मर्यादालाई कायम राख्दै आफ्नो जिम्मेवारी बहन गर्ने सन्दर्भमा कुशल व्यावसायिक क्षमता प्रदर्शन गरी लागूऔषध अपराध अनुसन्धानको क्षेत्रमा उल्लेखनीय कार्य गरेवापत् कदर स्वरुप "उत्कृष्ट लागूऔषध अपराध अनुसन्धानकर्ता" पुरस्कार प्रदान गरिएको सम्मानपत्रमा उल्लेख छ ।

यसअघि गत साउन ५ मा प्रहरी निरीक्षक चौहानलाई कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले असार महिनाको सर्वोत्कृष्ट प्रहरी (बेस्ट पुलिस अफ द मन्थ) घोषित गरेको थियो ।

उनले भद्रपुर नगरपालिका-५ मा चेकजाँचको क्रममा ४७ ग्राम ६९० मिलिग्राम ब्राउनसुगरसहित कार र दुई जना व्यक्तिलाई नियन्त्रणमा लिएका थिए भने भद्रपुर नगरपालिका-७ मा ६ राउण्ड गोली फायर गरी २०५ ग्राम ८० मिलिग्राम ब्राउनसुगरसहित २ जना व्यक्तिलाई नियन्त्रणमा लिएका थिए ।

यसैगरी झापा गाउँपालिका-४ मा चेकजाँचको क्रममा साइकलको चक्काभित्र १६७ ग्राम ब्राउनसुगरसहित एक जनालाई पक्राउ गर्न सफल भएका थिए ।

चौहान ८ वर्षअघि प्रहरी सेवामा प्रवेश गरेका हुन् । उनी विगत ९ महिनादेखि जिल्ला प्रहरी कार्यालयमा कार्यरत छन् ।

## सई खड्का उत्कृष्ट साईवर अपराध अनुसन्धानकर्ताको रुपमा पुरस्कृत


झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत प्रहरी नायव निरीक्षक(सई) ज्ञानु खड्का कोशी प्रदेशकै उत्कृष्ट साईवर अपराध अनुसन्धानकर्ताको रुपमा पुरस्कृत भएका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले नेपाल प्रहरीको पेशागत मर्यादालाई कायम राख्दै आफ्नो जिम्मेवारी सम्पन्न गर्ने सन्दर्भमा कुशल व्यावसायिक क्षमता प्रदर्शन गरी साईवर अपराध अनुसन्धानकर्ताको क्षेत्रमा उल्लेखनीय कार्य गरेवापत् उनलाई पुरस्कृत गरेको हो ।

७० औं प्रहरी दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालय झापामा आयोजित कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीको हस्ताक्षर भएको सम्मानपत्र प्रहरी उपरीक्षक राजन लिम्बूले खड्कालाई प्रदान गरेका थिए ।

करिव १० वर्षअघि प्रहरी सेवामा प्रवेश गरेका इलाम देउमाई निवासी खड्का आठौ पटक पुरस्कृत भएका हुन् । यसअघि उनी कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरद्वारा दुई पटक पुलिस अफ द मन्थको रुपमा पुरस्कृत भएका थिए ।

## सेमिनबप्तिस मण्डलीद्वारा रक्तदान



झापा(प्रस) । झापाको भद्रपुर-७, सरस्वती टोलस्थित सेमिनबप्तिस मण्डलीले शुक्रबार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

मण्डलीको २५ औं वर्षगाँठको पूर्वसन्ध्यामा नेपाल रेडक्रस सोसाइटी झापाको प्राविधिक सहयोगमा चर्च परिसरमा आयोजना गरिएको कार्यक्रममा स्थानीय ६ जना महिला र १० जना पुरुष गरी १६ जनाले रक्तदान गरेका छन् ।

मण्डलीका पास्टर ओमप्रसाद पौडेल (डेविड)ले रक्तदान कार्यक्रमको शुभारम्भ गरेका थिए । उनले मानवीय सेवामा सहयोग पुर्‍याउने उद्देश्यले मण्डलीको रजत महोत्सवको पूर्वसन्ध्यामा रक्तदान कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

मण्डलीले यही कात्तिक १४, १५ र १६ गते बृहत रुपमा रजत महोत्सव मनाउने तयारी गरिरहेको पास्टर पौडेलले जानकारी दिए । उनका अनुसार कात्तिक १४ गते भार तसमेतबाट आमन्त्रित अतिथिहरुको बृहत सहभागितामा रजत महोत्सव उद्घाटन हुनेछ भने नवनर्मित भवन र चौचारोको उद्घाटन एवम् समारिका विमोचन हुनेछ । त्यस्तै, जीवनदर्शनका प्रवचनहरु गरिने पौडेलले बताए ।


**हिमालयन लाइफ इन्स्योरेन्स लि.**

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | Gli0230016430 | रबिन्द्र कमार | शिवसताक्षी-११ ,झापा |








नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# असुरक्षाको भाव

गत भदौ २३–२४ को जेनजी आन्दोलनपछि मुलुकमा असुरक्षाको भाव बढेको छ। मुलुकमा लगानीको वातावरण मात्र बिग्रिएको छैन, यहीं जीविका गर्न सकिन्छ वा सकिँदैन भन्ने अवस्था सिर्जना भएको छ। व्यक्तिको सम्पत्तिमाथि सजिलै आक्रमण गर्न सकिने र आक्रमणकारीले उन्मुक्ति पाउने अवस्था आउनु आफैंमा खतरनाक स्थिति हो। अमेरिकाजस्तो विकसित मुलुक पनि आपराधिक पृष्ठभूमिका व्यक्तिसँग अत्यन्त सशंकित हुन्छ। तिनलाई जथाभावी गर्न नदिने मात्र होइन, विदेशी मूलको भए त्यतै फिर्ता पठाइदिने अवस्थासमेत हुन्छ। हामीकहाँ भने आपराधिक पृष्ठभूमिका व्यक्तिले समेत सहजै आफ्ना गतिविधि गर्न पाउने अवस्था रहेको छ। जेलबाट कैदी भागेका छन्। सुरक्षा निकायका बन्दुक र गोली लुटिएका छन्। यसरी भागेका व्यक्तिले विभिन्न घटना गराइसकेका छन्। भोलिका दिनमा यस्ता आपराधिक पृष्ठभूमिका व्यक्ति कारबाहीमा नपर्दा के स्थिति आउने हो भन्न सकिन्न। यो अवस्थालाई ध्यानमा राखेर सुरक्षा निकायले मनोबल बढाउन अत्यन्त आवश्यक भएको देखिएको छ। सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले यस दिशामा पनि आफूलाई क्रियाशील गराउनुपर्ने अवस्था छ।
आन्दोलनको आँधीबेहरीले हटाएको केपी शर्मा ओली नेतृत्वको सरकारले सुरक्षा चुनौतीलाई राम्ररी ध्यान दिन सकेन। तत्कालीन प्रधानमन्त्री ओलीलाई सुरक्षा निकायले दिएका सूचनालाई बेवास्ता गरेका सन्दर्भ चर्चा पनि यतिबेला भइरहेका छन्। प्रधानमन्त्रीलाई स्वाभाविक रूपमा सुरक्षा निकायका जासुसी सूचना प्राप्त हुन्छन्। तिनलाई बेलैमा अध्ययन गरेर आवश्यक सुरक्षा व्यवस्था मिलाउन नसकिने होइन। एउटा आन्दोलनलाई राम्ररी व्यवस्थित गर्न नसक्दा देशका मुख्यालय, न्यायालय, व्यवस्थापिका र प्रहरी कार्यालय खरानी भएका छन्। यसले आम नागरिकमा सुरक्षासम्बन्धी गम्भीर अविश्वास उत्पन्न भएको छ। कुनै पनि बेला कसैमाथि पनि आक्रमण हुन सक्छ भन्ने त्रासदीपूर्ण वातावरण बन्नु आफैंमा राम्रो पक्ष होइन।

देश बन्नलाई धेरै पक्ष आवश्यक हुन्छन्। संस्थाहरू निर्माण हुनुपर्छ। सुरक्षा व्यवस्था बलियो हुनुपर्छ। नागरिकका आवाज सुन्न सक्ने संयन्त्र तयार हुनुपर्छ। प्रत्येक समाजमा अन्तर्निहित द्वन्द्व हुन्छन्, तिनलाई समयमै पहिचान गर्ने र समाधान गर्ने क्षमता हुनुपर्छ । हाम्रो मुलुकमा भ्रष्टाचार व्याप्त रहेको जानकारी यहींका सञ्चार माध्यमले दिएका हुन्। त्यसलाई समयमै छानबिन गरी कारबाही गर्न राज्यका संयन्त्र तत्पर भएका भए जेनजी आन्दोलनका नाममा यत्रो क्षति हुन पाउने थिएन। राज्यका सबै निकायले आआफ्नो ठाउँबाट इमानदारीपूर्वक काम गर्नुपर्छ भन्ने सिकाइ पनि यसपटक भएकै हुनुपर्छ।




# गरिबी मापनको अभ्यास



• मनोहर घिमिरे

गरिबी विशेषतः अल्पविकसित र विकासशील देशको प्रमुख सामाजिक समस्या हो । गरिबीका कारण विश्वका धेरै जनसंख्या विभिन्न अवसरबाट वञ्चित छन् । जसका कारण देशको आर्थिक सामाजिक विकास प्रभावित भएको छ । अल्पविकसित र विकासशील देशले गरिबी निवारणलाई प्रमुख उद्देश्य राखी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् तर पनि अपेक्षित प्रगति भएको देखिन्न । संयुक्त राष्ट्रसंघले सन् १९९२ मा हरेक वर्षको अक्टोबर १७ लाई अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस घोषणा गरे अनुसार हरेक वर्ष यो दिनलाई विश्वभर अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसका रूपमा मनाइँदै आएको छ ।

गरिबी एक बहुआयामिक विषय हो । संयुक्त राष्ट्रसंघका अनुसार गरिबी भनेको मानवीय अस्तित्वका लागि आवश्यक चयन क्षमताको अभाव र अवसरबाट वञ्चिती हो । विश्व प्रसिद्ध अर्थशास्त्री अमर्त्य सेनका अनुसार गरिबी भनेको मानवीय आवश्यकता पूरा गर्न सामर्थ्य नभएको अवस्था हो । राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुर्टेरसले गरिबी व्यक्तिगत असफलता होइन, यो एक प्रणालीगत असफलता हो- मर्यादा र मानव अधिकारको अस्वीकार हो भनेका छन् । गरिबी निवारण नीति, २०७६ ले गरिबीलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरेको छ । निरपेक्ष गरिबी भन्नाले आधारभूत मानवीय आवश्यकताका वस्तु, क्षमता र सेवाबाट विमुख हुने अवस्थामा जीवनयापन गर्न बाध्य भएको स्थितिलाई जनाउने छ । यस अन्तर्गत खाद्य पदार्थ र पोषणको अवस्था, शुद्ध पिउने पानी, सरसफाइसम्बन्धी आधारभूत सुविधा, आधारभूत स्वास्थ्य, सुरक्षित बासस्थान, शिक्षा र आधारभूत सूचनाको उपलब्धता, आदि पर्छन् । यस्तै, उपभोगको आधारमा गरिबी भन्नाले आव २०६६/६७ को मूल्यमा वार्षिक १९,२६१ भन्दा कम उपभोग गर्ने अवस्थालाई जनाउनेछ ।

नेपालमा गरिबीको रेखामुनिको जनसङ्ख्या उल्लेखनीय नै छ । मुलुकमा पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) देखि नै गरिबी निवारणलाई विशेष ध्यान दिई कार्यक्रम सञ्चालन हुँदै आएको छ । आठौं योजनादेखि गरिबी निवारणलाई विशेष मह[illegible]व दिई देशभर आर्थिक सामाजिक कार्यक्रम सञ्चालन गरिँदै आएको छ । सरकारले लिएका गरिबी निवारणका नीतिका कारण गरिबीको संख्यामा केही कमी आएको छ तर अपेक्षाकृत ढङ्गले घट्न भने सकेको छैन । हाल २०.२७ जनसंख्या गरिबीको रेखामुनि रहेका छन् ।

### गरिबी मापन

नेपालमा मौद्रिक गरिबी मापनको कार्य लामो समयदेखि भइरहेको छ । यो एक प्राविधिक विषय हो । राष्ट्रिय तथ्याङ्क कार्यालय (साविक केन्द्रीय तथ्याङ्क विभाग) ले अन्तर्राष्ट्रिय रूपमा प्रचलित विधि र तरिकाबाट विक्रम संवत् २०५२/५३ बाट गरिबीमापनको कार्य गर्दै आएको छ । जनताको जीवनस्तर मापनका लागि विश्व बैङ्कले विकास गरेको जीवनस्तर मापन विधि अनुसार गरिने नेपाल जीवनस्तर सर्वेक्षणबाट सङ्कलित खाद्य तथा गैरखाद्य वस्तुमा परिवारले गरेको उपभोगको खर्चको आधारमा गरिबी मापन गरिन्छ । आम्दानीको आधारमा गरिबी मापन हाम्रो जस्ता विकासशील देशमा वस्तुपरक नहुने भएकाले आम्दानीको साटो उपभोग अर्थात् खर्चका आधारमा गरिबी मापन गरिन्छ । हाम्रो जस्ता अन्य देशमा समेत यही विधिको प्रयोगबाट गरिबी मापनको कार्य हुँदै आएको छ । सर्वेक्षणबाट जिल्ला र स्थानीय तहको गरिबी अनुमान सिधैँ गर्न नसकिने भएकाले सर्वेक्षण र गणना वा अन्य स्रोतबाट प्राप्त तथ्याङ्कलाई एकीकृत गरी लघु क्षेत्र अनुमान विधिबाट जिल्ला र स्थानीय तहको गरिबी अनुमान गर्ने गरिन्छ ।

नेपाल सरकारले गरिब परिवार पहिचान परिचयपत्र वितरण कार्यक्रममा पनि मौद्रिक गरिबी मापनको विधिलाई नै मुख्य आधार बनाएको छ । पछिल्ला केही वर्षदेखि मौद्रिक गरिबी मापनबाहेक बहुआयामिक गरिबी मापन पनि गर्ने गरिएको छ ।

### लागत विधिको प्रयोग

नेपालमा जनताको जीवनस्तर मापन गरी देशमा गरिबीको अवस्था थाहा पाउन घरपरिवारको समृद्धिसँग सम्बन्धित घरपरिवारको उपभोग, आय, आवास तथा सुविधाको उपभोग, शिक्षा, स्वास्थ्य, रोजगारी, बचत तथा ऋण, विप्रेषण सेवा, सुविधामा पहुँच, आदि विषय समावेश गरिएको बहुविषययुक्त नेपाल जीवनस्तर सर्वेक्षण पहिलो पटक २०५२/५३, दोस्रो पटक २०६०/६१, तेस्रो पटक २०६६/६७ र चौथो पटक २०७९/८० मा गरी हालसम्म चार पटक सञ्चालन गरी गरिबीको मापन गरिएको छ । नेपालमा मौद्रिक गरिबी मापन गर्न आधारभूत आवश्यकताको लागत विधिको प्रयोग गरिन्छ । यस विधिमा सर्वप्रथम प्रत्येक व्यक्तिलाई न्यूनतम जीवन निर्वाह गर्न आवश्यक खाद्य वस्तुको खर्च अनुमान गरिन्छ । यसको आधारमा शिक्षा, आवास, मनोरञ्जनलगायतका आवश्यक गैरखाद्य खर्चको अनुमान निकालिन्छ ।

खाद्य र गैरखाद्य खर्चको अनुमान जोडी गरिबीको रेखा निर्धारण गरिन्छ । यसरी निर्धारण गरिएको गरिबीको रेखाभन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिब मानिन्छ भने रेखाको बराबार र बढी खर्च गर्नेलाई गरिब मानिँदैन । वस्तु उपभोगको प्रवृत्तिमा परिवर्तन हुँदै गर्दा खाद्यवस्तुको डालोसमेत समय समयमा परिवर्तन गर्ने गरिएको छ । यस अनुसार गरिबीको रेखा पनि समय समयमा परिवर्तन गर्ने गरिन्छ । पछिल्लो पटक गरिबी अनुमान गर्दा गरिबीको रेखा ७२,९०८ रुपियाँ निर्धारण गरिएको छ । यो भनेको प्रतिव्यक्ति प्रतिवर्ष आवश्यक न्यूनतम उपभोग खर्च ७२,९०८ रुपियाँ रहेको छ । कुनै व्यक्तिले वार्षिक यसभन्दा कम खर्च गर्छ भने उसलाई गरिब अन्तर्गत वर्गीकरण गरिन्छ । २०६६/६७ मा यस्तो गरिबीको रेखा १९,२६१ रुपियाँ रहेको थियो । हालको नयाँ गरिबी रेखा अनुसार खाद्य गरिबीको रेखा ३५,०२९ र गैरखाद्य गरिबीको रेखा ३७,८७९ रुपियाँ निर्धारण गरिएको छ ।

### गरिबी रेखामुनिको जनसंख्या

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको पछिल्लो गरिबीको नतिजा अनुसार नेपालमा २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छ । करिब ६० लाख जनसंख्या गरिबीको रेखामुनि छन् । क्षेत्रगत रूपमा हेर्दा सहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा ६४.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । सहरी क्षेत्र अन्तर्गत नगरपालिका र ग्रामीण क्षेत्र अन्तर्गत गाउँपालिका पर्छन् । गरिबीमा रहेको जनसंख्याको फैलावट हेर्दा सहरी क्षेत्रमा ६२.८६ प्रतिशत र ग्रामीण क्षेत्रमा ३७.१४ प्रतिशत छ । लिङ्गत रूपमा हेर्दा पुरुष परिवारमुली भएका घरपरिवारमध्ये २०.२७ प्रतिशत र महिला घरपरिवारमुली भएका मध्ये २०.२८ प्रतिशत घरपरिवार गरिबीको रेखामुनि छन् ।

गरिबीको विषमता सूचकाङ्क ४५.२ र गरिबीको गहनता १.४८ छ । असमानता मापनका लागि प्रयोग गरिने गिनी सूचकाङ्क ०.३० छ । यसको मान ० भएमा पूर्ण समानता र १ भएमा पूर्ण असमानता मानिन्छ । सहरी क्षेत्रको गिनी सूचकाङ्क ०.३० र ग्रामीण क्षेत्रको ०.२९ छ । ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा उपभोगमा बढी असमानता देखिन्छ ।

### बढी गरिबी सुदूरपश्चिम प्रदेशमा

प्रदेशगत रूपमा हेर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत । कोशीमा १७.१९ प्रतिशत, मधेशमा २२.५३ प्रतिशत, बागमतीमा १२.५९ प्रतिशत, लुम्बिनीमा २४.३५ प्रतिशत र कर्णालीमा २६.६९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छ । राष्ट्रिय औसतभन्दा बढी गरिबीको दर सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र मधेश प्रदेशमा रहेको छ । गरिबको जनसंख्याको फैलावट हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा रहेको छ । प्रदेशको सहरी र ग्रामीण क्षेत्र अनुसार गरिबीको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशको ग्रामीण क्षेत्रमा ४०.२१ प्रतिशत छ । सबैभन्दा कम काठमाडौँ उपत्यका सहरी क्षेत्रमा ७.३८ प्रतिशत रहेको छ ।

### बहुआयामिक गरिबी मापन

पछिल्ला दिनमा गरिबीको मौद्रिक मापनले मात्र यथार्थ अवस्थाको बारेमा जानकारी दिँदैन भनेर बहुआयामिक गरिबी मापनको अभ्यास पनि सुरु गरिएको छ । सन् २०१० मा पहिलो पटक यो मापन बेलायतको अक्सफोर्ड गरिबी तथा मानव विकास अभियान भन्ने संस्थाले प्रकाशन गरेको थियो र तत्पश्चात् नियमित यो कार्य हुँदै आएको छ । शिक्षा, स्वास्थ्य र जीवनस्तरका १० सूचकका आधारमा बहुआयामिक गरिबी मापन गरिन्छ । नेपालमा हालसम्म दुई पटक राष्ट्रिय योजना आयोगले बहुआयामिक गरिबी सम्बन्धी तथ्याङ्क सार्वजनिक गरेको छ । पछिल्लो पटक सन् २०२१ मा गरिएको बहुआयामिक गरिबी मापन अनुसार नेपालमा १७.४ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीको रेखामुनि छ भने बहुआयामिक गरिबी सूचकाङ्क ०.०७४ छ । प्रदेशगत रूपमा हेर्दा बहुआयामिक गरिबी सबैभन्दा बढी कर्णाली प्रदेशमा ३९.४ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ७ प्रतिशत छ । यस मापनमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिएको नेपाल बहुसूचक सर्वेक्षणको तथ्याङ्क प्रयोग गरिएको छ । सन् २०१८ मा पहिलो पटक प्रकाशित तथ्याङ्क अनुसार नेपालमा २८.६ प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबीको रेखामुनि रहेका थिए ।

### दिगो विकास लक्ष्य र गरिबी

सन् २०१५ देखि २०३० सम्ममा पूरा गर्ने गरी विश्वव्यापी घोषणा भई कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्यमा गरिबी निवारणलाई विशेष जोड दिइएको छ । दिगो विकासका १७ लक्ष्यमध्ये पहिलो लक्ष्यमा सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने लक्ष्य राखिएको छ । यस अन्तर्गत सन् २०३० भित्रमा पूरा गर्नुपर्ने सात वटा विभिन्न परिमाणात्मक गन्तव्य निर्धारण गरिएको छ । यसको प्राप्तिमा हाम्रो देशमा पनि प्राथमिकताका साथ काम भइरहेको छ ।

सरकारले लिएका लक्ष्य प्राप्तिमा सरकारी, निजी र सहकारी क्षेत्र समन्वयात्मक ढङ्गले अगाडि बढ्नु पर्छ । गरिबी निवारण चुनौतीपूर्ण कार्य भएकाले संघ प्रदेश र स्थानीय तह गरी तिनै तहका सरकारले सघन रूपमा गरिब लक्षीत कार्यक्रम समन्वयात्मक ढङ्गले देशभर सञ्चालन गर्नु पर्छ । यसका लागि वैज्ञानिक सर्वेक्षण प्रणालीको विकास गर्नु जरुरी छ ।

# विद्यार्थी आन्दोलनको अन्तर्य



• अंशु भुसाल

भ्रष्टाचार, बेथिति, सुशासन तथा पारदर्शिताका लागि जेनजीले आन्दोलन गर्दा सरकारले घुँडा टेक्नु पर्‍यो । राष्ट्रले विभिन्न आन्दोलन देखेको छ तर अहिलेको जस्तो बीभत्स पक्कै देखेको थिएन होला । दुई दिनको प्रदर्शनमा ७६ जनाको मृत्यु भयो र धेरै सरकारी तथा निजी संरचनामाथि तोडफोड र आगजनीसमेत भयो । कम उमेरका भनिएका जेनजीको आन्दोलनले देशमा मात्र नभएर विश्वलाई नै झस्काएको छ । यद्यपि यो आन्दोलन वा विद्रोह वा तवाही के हो भन्ने बारेमा मतान्तर पक्कै छ । पहिलो दिनको सुरुवात आन्दोलनका रूपमा भएको थियो ।

बेला बखतमा हुने आन्दोलनले विभिन्न राजनीतिक तथा सामाजिक मुद्दाको सुनुवाइ भएको पाइन्छ । जब कुनै विषयले धेरै मानिसमा प्रभाव पारेको हुन्छ तर सत्ताले त्यसको बारेमा कुनै उचित कदम उठाउँदैन, सरकार वा सम्बन्धित निकायले बेवास्ता गर्छ तब तब विरोध, आन्दोलन र विद्रोहका कार्यक्रम हुने गर्छन् ।

इतिहासको पाना पल्टाउने हो भने पहिलो विद्यार्थी आन्दोलन, 'जयतु संस्कृतम आन्दोलन' (असार १, २००४) (१५ जुन १९४७) हो । 'जयतु संस्कृतम्' अर्थात् संस्कृतको जय होस् । अहिले पूजापाठ र कर्मकाण्डमा मात्र सीमित रहेको संस्कृत भाषा कुनै बेला, नेपालको बोलीचालीको भाषा नै थियो । धेरै घरपरिवारमा संस्कृतमा नै संवाद हुने गर्दथे । देशका विभिन्न स्थानमा भएका पाठशाला वा गुरुकुलहरूमा संस्कृत भाषाकै पढाइ हुन्थ्यो । व्याकरण, साहित्य, ज्योतिष शास्त्र, आयुर्वेदलगायत विविध विषयमा संस्कृतकै माध्यमबाट अध्ययन अध्यापन हुने गर्दथ्यो ।

नेपालमा राणाशासनको चरम दमनमा पनि संस्कृत पाठशालाका विद्यार्थीले सङ्गठित रूपमा आन्दोलन सुरु गरेका थिए । यसका प्रमुख आन्दोलनकारी पर्शुराम पोखरेल, पुर्णप्रसाद ब्राह्मण, श्रीभद्र शर्मा, कमलराज रेग्मी, रामप्रसाद न्यौपाने, राजेश्वर देवकोटा, गोकर्ण शास्त्रीलगायत थिए । विद्यार्थीको आन्दोलन १५ दिनसम्म चलेको थियो । नेपालको शैक्षिक तथा राजनीतिक आन्दोलनमा यस आन्दोलनलाई कोसेढुङ्गा मानिन्छ । ब्राह्मणको काम भनेको आचार्य हुनु थियो । त्यसैले राणाहरूले ब्राह्मणलाई पढ्न दिएर आफूहरूलाई ब्रह्म पापबाट बचाउने कोसिसका साथ तीनधारा पक्षशाला संस्कृत विद्यालयको स्थापना गरेका थिए ।

राणा शासनकालमा संस्कृत, धर्म र कर्मकाण्डको मात्र पढाइ हुन्थ्यो, जसको कारण विद्यार्थीको भविष्य सीमित भएको थियो । राणाका परिवारका सदस्यको दरबार हाइस्कुलमार्फत आधुनिक शिक्षामा पहुँच थियो । उनीहरूले शैक्षिक अवसर पाए र उच्च दर्जा हासिल गरे । सर्वसाधारणका सन्तानलाई दरबार हाइस्कुल नियन्त्रित थियो । संस्कृत पाठशालामा विषय सीमित भएकाले यस आन्दोलनको मुख्य उद्देश्य भनेको संस्कृतसहित अरू विषय पनि पढाइनुपर्ने भन्ने थियो ।

शैक्षिक असमानताविरुद्ध उठेको आवाजको सुरुवात त्यही तीनधारा पक्षशाला संस्कृत विद्यालयका विद्यार्थीले गरेका थिए भने यस आन्दोलनमा पछि रानीपोखरी नजिकको राजकीय संस्कृत विद्यालयका विद्यार्थी पनि सामेल भए । तत्कालीन प्रधानमन्त्री पद्म शमशेरले 'संस्कृत भाषा मृत भाषा भइसकेको' अभिव्यक्ति दिएकैले आन्दोलन भएको थियो । शिक्षामा समान पहुँचका लागि विद्यार्थी राणाको अत्याचार र अन्यायको विरुद्ध एकजुट भए । राणा शासकले स्थापित गरेको शैक्षिक संस्थाबाट नै उनीहरूविरुद्ध सङ्गठित आवाज सुरु भयो ।

ब्रिटिस शासनले बनारसमा वाराणसेय संस्कृत विश्वविद्यालय (हाल सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय) को स्थापना गरे, जहाँ कैयौं नेपाली संस्कृत अध्ययन गर्ने प्रचलन थियो । बेलायती सत्ताको कारण नै त्यहाँको संस्कृत क्याम्पस तथा अन्य कलेजमा अङ्ग्रेजी तथा आधुनिक विषयको पठनपाठन हुन्थ्यो । नेपालीले त्यहाँलगायत सम्पूर्ण क्षेत्रमा ब्रिटिस सरकारले गरेको शैक्षिक विकासको बारेमा प्रत्यक्ष रूपमा देख्न र जान्न सुवर्ण अवसर पाए । त्यसैले 'न्याय नपाए गोरखा जानु र विद्या नपाए बनारस जान' भन्ने उखान एकबेला चलनचल्तीमा थियो ।

पाठ्यक्रममा अङ्ग्रेजी, गणित, भूगोल, इतिहास, अर्थशास्त्र हुन पर्‍यो भनेर विद्यार्थीले प्रधानमन्त्री पद्मशमशेरलाई मागपत्र बुझाएका थिए । सरकारले वास्ता गरेन र फलस्वरूप इतिहासको पानामा पहिलो विद्यार्थी आन्दोलन भयो । शैक्षिक तथा सामाजिक समानतासँगै राणाशासनविरुद्ध पनि नारा लाग्न थाल्यो । आन्दोलन चर्किएपछि प्रधानमन्त्री पद्मशमशेरले माग पूरा गर्ने आश्वासन दिएकाले आन्दोलन रोकियो । प्रधान सेनापति मोहनशमशेर जङ्गबहादुर राणाले आन्दोलनमा संलग्न विद्यार्थीलाई पक्राउ तथा जेल चलान गरे । कैयौँ विद्यार्थीलाई देश निकाला गरे । ब्राह्मणलाई मृत्यु दण्ड दिनु धर्मविपरीत हुने भएकाले आन्दोलनरत विद्यार्थीले मृत्युदण्ड भोग्नु परेन ।

सामान्यता आन्दोलनभन्दा हामीले नारा जुलुस, तोडफोड बुझ्छौँ तर त्यस बेला विद्यार्थीले अध्यात्मको प्रयोग गरेर आन्दोलन गरे । श्रीमद् भागवत सप्ताह गरे, जसले गर्दा समुदायमा पुग्न र जनचेतना फैलाउन सहज र प्रभावकारी भयो । धार्मिक स्थानलाई सामाजिक रूपान्तरण ल्याउन प्रयोग गरे । संस्कृतलाई प्रोत्साहन गर्दै, शान्त तरिकाले शासन सत्तालाई चुनौती दिए । धर्म र शिक्षाको प्रयोग गरेर पनि आन्दोलन गर्न सकिन्छ भन्ने कुरा देखाए ।

छिमेकी राष्ट्र भारतमा बेलायती शासनविरुद्धको आवाज चर्किरहेको अवस्था थियो र भारत स्वतन्त्र हुने स्पष्ट थियो । बेलायती साम्राज्यको सहायताले टिकेको नेपालको राणा शासनमाथि प्रश्न खडा हुन थालेको थियो । छिमेकी राष्ट्रमा भएको राजनीतिक परिवर्तनले गर्दा नेपालीमा राजनीतिक चेतनाको विकास भयो । यस कारण जयतु संस्कृतम आन्दोलनमा, भारतमा तत्कालीन समयमा भइरहेको आन्दोलनको प्रभाव थियो भन्न सकिन्छ ।

विसं १९९७ मा चार सहिद (शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठ) लाई दिइएको फाँसीले, नेपाली जनतामा राणा विरोधी भावना उकुसमुकस भइरहेको थियो । त्यसबेला पनि युवा उच्च शिक्षाका लागि बनारस, पटना जान्थे । त्यहाँ उनीहरूले प्रजातन्त्र, आफ्नो अधिकारको लडाइँको बारेमा बुझ्छैं, जसले गर्दा उनीहरूलाई नेपालमा भइरहेको निरङ्कुश शासनबारेमा ज्ञान भयो । चीनमा माओत्सेतुङ को नेतृत्वमा कम्युनिस्ट क्रान्ति हुँदै थियो । राणा शासन अन्त्य भएको अवस्थामा नेपालमा चीनको प्रभाव पर्न सक्ने अवस्था सिर्जना हुन सक्ने र आफ्नो सुरक्षामा खतरा महसुस गरेको कारणले पनि भारतले नेपालमा भएको प्रजातान्त्रिक आन्दोलनलाई समर्थन गरेको थियो ।

नेपालमा बस्न, काम गर्न, पढ्न प्रतिबन्ध लगाए पछि निर्वासित आन्दोलनकारी बनारस गए । त्यसबेला निर्वासित भएका विश्वेश्वरप्रसाद कोइरालालगायतका नेतासँग उनीहरूको भेट भयो । भारत सन् १९४७को अगस्त १५ मा स्वतन्त्र भयो । त्यहाँको वातावरणले पनि निर्वासित विद्यार्थी तथा नेतालाई थप बल पुग्यो । नेपालमा प्रजातन्त्र ल्याउने आन्दोलनमा सक्रिय रूपमा लागे, फलस्वरूप १९५१ को क्रान्ति सम्भव भयो र राणा शासन अन्त्य ।

लोपोन्मुख हुँदै गइरहेको संस्कृत भाषाले नै स्वतन्त्रताको लडाइको बिउ रोपेको थियो । त्यसले नेपाली समाजमा राजनीतिक चेतना फैलायो । राणा शासनमा संस्कृतका विद्यार्थीले देखाएको साहस अतुलनीय छ । शैक्षिक सुधार ल्याएर समाजमा समानता ल्याउन खोजेका उनीहरूले सयौँ वर्ष पुरानो राणा शासनको जग मात्र हल्लाएनन्, देशमा प्रजातन्त्र नै ल्याए । जेनजी पुस्ताले गरेको आन्दोलनका मागलाई बेवास्ता गरियो भने त्यसले दुर्घटना निम्त्याउन सक्छ ।

# मनोबल जलेको प्रहरी र सुरक्षा संकटको भूमरी



• ज्योति किरण

नेपालमा हालै भएको 'जेनजी आन्दोलन' ले देशको राजनीतिक, सामाजिक र सुरक्षा परिदृश्यमा गम्भीर प्रश्नहरू खडा गरेको छ। विशेषगरी, आन्दोलनका क्रममा देशभरका प्रहरी चौकीहरूमा भएको आगजनी र ठूलो भौतिक क्षतिले आन्तरिक सुरक्षा व्यवस्थापनमा नयाँ र जटिल चुनौतीहरू उत्पन्न गरेको छ। राजनीतिमा व्याप्त भ्रष्टाचार, बेथिति र युवा पुस्तामा बढेको निराशाको अभिव्यक्तिको रूपमा सुरु भएको यो आन्दोलनले राज्यको आधारभूत सुरक्षा संयन्त्रमाथि नै धावा बोलेको छ। जेनजी आन्दोलनको महिना दिन बितिसक्दा पनि देशको शान्ति- सुरक्षामा आश्वस्त हुने स्थिति निर्माण हुन सकेको छैन।

भदौ २४ का दिन नेपाल प्रहरी र आन्दोलनकारी दुवैले भोगेको पीडा असामान्य छ। त्यो दिनका हिंसात्मक घटनाले नेपाल प्रहरीलाई भौतिक र मानसिक दुवै रुपमा गम्भीर क्षति पुर्याएको छ। सहकर्मीको हत्या, चौकी र कार्यालयमा तोडफोड र आगजनी, बर्दी र हतियारको लुट र ठूलो संख्यामा कैदीबन्दी फरार हुनुले प्रहरी संगठनको मनोबल गिराएको छ। साढे सात दशकको इतिहास बोकेको प्रहरी संगठन कहिल्यै यति नाजुक अवस्थामा पुगेको थिएन।

कर्तव्य पालनाका क्रममा ज्यान गुमाएका प्रहरीको रगत सुक्न नपाउँदै, देशभरका चौकीहरूमा आगो निभ्न नपाउँदै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले देशको सुरक्षा प्रणालीमाथि नै प्रश्न उठ्नेगरी जेनजी युवाको हत्याबारे जुन खाले प्रतिक्रिया दिए ,त्यसले प्रहरी संगठनको घाउमा थप नुन चुख छर्ने काम भयो। आन्दोलनमा भएको हिंसात्मक घटनाबारे तत्कालीन गृहमन्त्री रमेश लेखकको अभिव्यक्तिले प्रहरी संगठनलाई थप अविश्वसनीय र बेवारिसे तहमा उतारिदियो। राज्य सत्ता सञ्चालनको तहमा बसेका ओली र लेखक जस्ता नेताहरुको निरन्तरको यस्तो प्रवृतिले नै आज प्रहरी र नागरिक बीचको सम्बन्ध कमजोर बन्दै गएको छ। जसले दीर्घकालीन सुरक्षा व्यवस्थामा नकारात्मक असर पारेको छ ।

**जलेका चौकीहरू: राज्य उपस्थितिको विघटन**

प्रहरी चौकीहरू भनेका राज्यको उपस्थितिको प्रत्यक्ष प्रतीक र जनताको सुरक्षाको पहिलो ढोका हुन् । जेनजी आन्दोलनका क्रममा काठमाडौँ उपत्यकासहित देशभरका करिब ४८६ युनिट प्रहरी चौकीहरू र ५०० भन्दा बढी सवारीसाधनहरू जलाइनुले कानुन तथा व्यवस्था कायम गर्ने निकायको मेरुदण्डमाथि नै गम्भीर प्रहार भएको छ। चौकीहरू ध्वस्त हुँदा सबैभन्दा ठूलो त प्रहरीको मनोबलमा ह्रास भएको छ। ठूलो संख्यामा प्रहरीहरू घाइते हुनु, १२४७ थान आधुनिक हातहतियार र एक लाखभन्दा बढी गोलीहरू लुटिनु र बर्दीसमेत फुकाल्न लगाइनुले सुरक्षाकर्मीहरूको मनोबलमा गम्भीर चोट पुगेको छ। यसले प्रहरीलाई आफ्नो कर्तव्य निर्वाह गर्न मनोवैज्ञानिक रूपमा कमजोर बनाएको छ।

प्रहरी कार्यालय, सवारीसाधन र सञ्चार उपकरणहरूमा भएको क्षतिले अपराध अनुसन्धान, सार्वजनिक शान्ति सुरक्षा र विपद् व्यवस्थापनजस्ता दैनिक सेवाहरू अवरुद्ध भएका छन्। श्रोत,साधनहरुमाथि आगजनी हुँदा घटनास्थलमा तत्काल पुग्ने क्षमतामा ह्रास आएको छ। कतिपय ग्रामीण तथा सहरी क्षेत्रहरूमा प्रहरी चौकी नहुँदा स्थानीय समुदाय सुरक्षाविहीन महसुस गर्न बाध्य भएका छन्। यद्यपि, केही स्थानहरूमा स्थानीय समुदायले जलेका चौकी पुनर्स्थापनामा तदारुकता देखाएर सकारात्मक पक्ष प्रस्तुत गरेका छन्।

**जेनजी आन्दोलनपछिका सुरक्षा चुनौती:**

प्रहरी चौकीहरूमाथिको आक्रमणले उजागर गरेका दीर्घकालीन र जटिल सुरक्षा चुनौतीहरू भयावह खालका छन्। आन्दोलनका क्रममा लुटिएका र अहिलेसम्म फेला नपरेका ठूलो संख्याका हतियार हरूले गम्भीर सुरक्षा जोखिम बढाएका छन्। यी हतियार आपराधिक समूहको हातमा पुगेमा भविष्यमा हिंसात्मक घटना वा संगठित अपराध बढ्ने खतरा छ। कतिपय सुरक्षा अधिकारीहरूको भनाइ अनुसार, यो आक्रमण आकस्मिक नभई 'गुगल म्यापमार्फत' लक्षित चौकीहरूमा गरिएको संगठित हमला थियो। यसले युवा आन्दोलनलाई आपराधिक समूह, भागेका कैदी र अन्य तत्वहरूले दुरुपयोग गरेको देखाउँछ, जसले राज्यको आन्तरिक गुप्तचर र सुरक्षा रणनीतिमाथि प्रश्नचिह्न खडा गरेको छ।

जेनजी आन्दोलनको औपचारिक नेतृत्व नहुनुले यसलाई व्यवस्थापन गर्न झन् कठिन बनाएको छ। सडकबाट जुनसुकै बेला नयाँ नेतृत्व निस्कन सक्ने र आन्दोलनले फेरि उग्र रूप लिन सक्ने जोखिम सुरक्षा निकायलाई छ। यी सबै आकलन हुँदाहुँदै पनि यसलाई रोक्ने पूर्वतयारीका लागि प्रहरी संगठनसँग बलियो पूर्वाधार छैन। ध्वस्त भएका संरचना र जलेका सवारीसाधनहरूको पुनर्निर्माणका लागि ठूलो बजेट र समय आवश्यक छ। यसका लागि पर्याप्त स्रोतसाधन र द्रुत खरिद प्रक्रिया आवश्यक पर्दछ, नत्र सुरक्षा सेवा प्रभावित भइरहनेछ। सरकारले समयमै यो कुरामा ध्यान दिनु जरुरी छ।

**निष्कर्ष:**

जेनजी आन्दोलनमा जलेका चौकीहरू केवल भौतिक संरचना मात्र होइनन्, राज्य र नागरिकबीचको विश्वासको डोरीमा आएको दरारको प्रतीक पनि हुन्। यो आन्दोलन मूलतः दशकौँको राजनीतिक बेथिति र भ्रष्टाचारविरुद्ध युवा पुस्ताको आक्रोश भए पनि, हिंसा र तोडफोडको बाटो अपनाउँदा यसले मुलुकलाई गहिरो सुरक्षा संकटमा धकेलेको छ।

यस चुनौतीको सामना गर्न तत्कालै प्रहरीको मनोबल उकास्ने, क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण गर्ने र शान्ति सुरक्षाका लागि आवश्यक स्रोतसाधन (विशेष गरी गाडी र हतियार) को व्यवस्थापन गर्न आवश्यक छ। तर, दीर्घकालीन समाधानका लागि राज्यले युवा पुस्ताको निराशालाई सम्बोधन गर्नुपर्छ, राजनीतिक नेतृत्वले जनमतको सम्मान गर्दै भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ र सबै सरोकारवालासँग समन्वय गरेर सुरक्षित र समावेशी समाज निर्माणको दिशामा अघि बढ्नुपर्छ। नत्र, अस्थिर राजनीति र क्षयीकृत सुरक्षा संयन्त्रले मुलुकलाई आन्तरिक असुरक्षाको भुमरीमा फसाउन सक्छ।

# चिनीको मौज्दात पर्याप्त

झापा(प्रस) । तिहारमा नेपाली उपभोक्तालाई आवश्यक पर्ने चिनी पर्याप्त रहेको जनाइएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार सामान्य अवस्थामा अरूबेला मासिक १८ देखि २० हजार मेट्रिक टन चिनी खपत हुने गरेकोमा दसैँ, तिहार र छठसम्म २५ देखि ३० हजार मेट्रिक टन खपत हुने अनुमान छ ।

विगतका वर्षमा साल्ट ट्रेडिङ कर्पोरसनमार्फत सरकारले भन्सार छुटको चिनी आयात गर्न नसकेका



बेलामा व्यापारीले बजारमा कृत्रिम अभाव सिर्जना गरेर मूल्य महँगो बनाउने गरेका थिए तर यस पटक बजारमा चिनीको कुनै समस्या नभएको सरोकारवाला निकाय बताउँछन् ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले यस वर्ष तिहार र छठपर्वमा चिनी पर्याप्त भएकाले मूल्यवृद्धि नहुने दाबी गरेको छ । विभागका महानिर्देशक रोशन ज्ञवालीले हाल बजारमा चिनीको मौज्दात पर्याप्त रहेको र आपूर्ति व्यवस्था सुदृढ बनाइएको बताए । स्वदेशी चिनी उत्पादक मिलसँग हाल ३० हजारदेखि ३५ हजार मेट्रिक टन चिनी मौज्दात रहेका हुँदा अभाव नहुने उनको भनाइ छ ।

किराना खाद्य तथा थोक व्यापार सङ्घका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले यस पटक बजारमा चिनी पर्याप्त भएकाले कुनै खालको समस्या नभएको बताए । उनका अनुसार सामान्य बेलामा प्रतिकेजी १०५ रुपियाँमा बिक्री हुँदै आएकोमा अहिले त्यो मूल्य घटाएर खुद्रामा प्रतिकेजी ९८ रुपियाँदेखि १०२ रुपियाँसम्ममा किनबेच भएको छ ।

सरकारी स्वामित्वका खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले देशभर सञ्चालित १५३ बिक्री केन्द्रमार्फत चिनी बिक्री गर्दै आएको छ । खाद्य कम्पनीले प्रतिकेजी चिनीको ९७ रुपियाँ ५० पैसामा बिक्री गर्दै आएको छ भने कर्पोरेसनले प्रतिकेजी ९५ रुपियाँमा चिनी बिक्री गर्दै आएको छ । खाद्य कम्पनीका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले कम्पनीसँग करिब पाँच हजार क्विन्टल चिनी मौज्दात रहेको र थप आउने क्रम जारी छ । हाल भइरहेको खरिद नेपालभित्रकै उत्पादकबाट भइरहेको छ ।

## कांग्रेस...

'यसले मात्र ताजा जनादेशसहितको नेतृत्व र नीति लिएर पार्टी नयाँ ऊर्जाका साथ अगाडि आउनेछ । नयाँ युवाको प्रवेश बढ्नेछ । यसले मात्र देशको समस्या हल गर्ने सामर्थ्य राख्नेछ,' पौडेलको भनाइ थियो, 'विशेष महाधिवेशनको प्रस्ताव गर्ने साथीहरूलाई धन्यवाद । अहिलेको अवस्थामा यो वा त्यो बहानामा पार्टी अधिवेशन पर सार्ने वा म्याद थप्ने विषयले पार्टी र देशलाई गम्भीर संकटमा धकेल्ने भएकाले त्यसतर्फ सोचिनु हुँदैन । ११औं महाधिवेशन ६० दिनमा सम्पन्न भएकाले यो अवस्थामा सजिलै नियमित महाधिवेशन गर्न सकिन्छ ।'

गण्डकी प्रदेश कार्यसमितिका सभापति शुक्रराज शर्माले विशेष महाधिवेशनको मागलाई समर्थन गर्दै यसले नियमित महाधिवेशन समयमै गर्नका लागि बल पुगेको बताए । शर्माले सभापति देउवाले भदौ २३ र २४ को घटनाक्रम किन भयो भनेर समेत प्रस्ट पार्नुपर्नेमा किन नआएको प्रश्न उठाए । 'यो अवस्था आउनुमा कांग्रेसको शासकीय बेथिति पनि जिम्मेवार छ, यसमा कांग्रेसले क्षमा माग्नुपर्छ,' शर्माको भनाइ थियो ।

संस्थापन पक्षका धेरैजसो नेताहरू भने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मामाथि आक्रामक ढंगले प्रस्तुत भएका थिए । सुदूरपश्चिम प्रदेश कार्यसमितिका सभापति वीरबहादुर बलायर, कोशी प्रदेश कार्यसमितिका सभापति उद्धव थापा, सरस्वती बजिमय, सुशीला थिङ सबैभन्दा बढी आक्रमक भएका थिए । बलायरले म्याद गुज्रिएका महाधिवेशन प्रतिनिधिहरूलाई जम्मा गरेर विशेष महाधिवेशनको मागको कुनै औचित्य नभएको भन्दै नियमित महाधिवेशन समेत फागुन २१ को निर्वाचनपछि हुनुपर्ने बताए । थापाले चुनावअगाडि किन महाधिवेशन चाहियो भन्ने प्रश्न गर्दै फागुन २१ को निर्वाचनअगाडि पार्टीको महाधिवेशन गर्न नहुने तर्क अघि सारे । थिङले विशेष महाधिवेशनको माग राखेर हस्ताक्षर गर्नेहरूलाई बोलाएर कारबाही गर्नुपर्ने माग गरिन् ।

शुक्रबारको बैठकमा बोल्ने २७ केन्द्रीय सदस्यमध्ये संस्थापन इतरपक्षका शेखर कोइराला पक्षीय सदस्यहरूले विशेष महाधिवेशनको सन्दर्भमा उल्लेख नगरी मंसिरमै नियमित महाधिवेशनको माग गरेका छन् । तर, महामन्त्रीहरू नजिकका सदस्यहरूले भने नियमित महाधिवेशन हुन नसकेमा विशेष महाधिवेशनमा जानुपर्ने धारणा राखेका छन् । कांग्रेसको बैठक शनिबार पनि जारी रहने छ ।

# तीन उद्योगले तिर्न थाले बक्यौता

झापा(प्रस) । डेडिकेटेड र ट्रङ्क लाइन प्रयोगबापतको बक्यौता महसुल भुक्तानी गर्न नेपाल विद्युत् प्राधिकरणले ताकिता गरेपछि बक्यौता रहेका उद्योगहरू सम्पर्कमा आई महसुल तिर्न थालेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । सम्राट् सिमेन्ट, रोल्पा सिमेन्ट र नवनेपाल प्लास्टिक इन्डिस्ट्रिजले किस्ता तिरेका हुन् । रोल्पा र सम्राट् सिमेन्टले किस्ताबन्दीमा रकम तिरेका छन् । प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालका अनुसार अरू उद्योग पनि तिर्न आएका छन् । महसुल तिर्नका लागि दिइएको समयसीमा नजिकिएकाले सम्पर्कमा आएर तिर्न थालेको र सबैले तिर्न आउने विश्वास व्यक्त गरे । तीन वटै उद्योगले विगतमा किस्ताबन्दीको सुविधा लिई बक्यौता रकम तिर्न सुरु गरेका थिए तर २८ किस्ता सुविधा लिएर केही बक्यौता रकम तिरेपछि गत वैशाखदेखि किस्ता तिर्न छाडेका थिए ।

सम्राट् सिमेन्टले २०७२ माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रङ्क लाइन प्रयोगबापतको थप महसुलको कुल तीन करोड ७७ लाख बक्यौता रकमलाई प्रतिकिस्ता १३ लाख ४९ हजार रुपियाँ एक मासिक किस्ता हुने गरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट लिएको थियो । उद्योगले चार किस्ता बुझाएपछि गत वैशाखबाट किस्ता बुझाउन छाडेको थियो । उद्योगले एकै पटक तीन किस्ताको ४० लाख ४७ हजार रुपियाँ बुझाएपछि जेठसम्मको किस्ता चुक्ता भएको छ ।

स्वीकृत किस्ता सुविधाबमोजिम गत असारबाट असोजसम्म ११ किस्ता बुझाउनुपर्नेमा सात किस्ता मात्र बुझाएको थियो । बाँकी चार किस्ताको ५३ लाख ९६ हजार रुपियाँ बुझाउन पुनः पत्राचार गरिएको थियो । यसै गरी रोल्पा सिमेन्टको ९९ लाख १२ हजार बक्यौता रकमलाई प्रतिकिस्ता तीन लाख ५४ हजार रुपियाँ एक मासिक किस्ता हुने गरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट लिएको थियो । छ किस्ता तिरेपछि उद्योगले तिर्न छाडेको थियो । उद्योगले पाँच किस्ताको १७ लाख ७० हजार रुपियाँ एकै पटक तिरी नियमित किस्ता तिर्ने अवस्थामा पुगेको छ । अब उद्योगको १७ किस्ता तिर्न बाँकी छ ।

त्यस्तै नवनेपाल प्लास्टिक इन्डिस्ट्रिज १२ किस्ताको एक लाख २३ हजार रुपियाँ तिरेर बक्यौता रकम चुक्ता गरेको छ । प्राधिकरणका अनुसार ४७ उद्योगबाट महसुल र जरिबाना गरी करिब आठ अर्ब रुपियाँ असुली हुनुपर्ने छ । प्राधिकरणले गत असोज १२ गत एक सार्वजनिक सूचना जारी गरी यस्तो बक्यौता भुक्तान गर्न आग्रह गरेको हो ।

सोही सूचनासँगै अघिल्लो सरकारका समयमा महसुल पुनरवलोकनसम्बन्धी सबै प्रक्रिया बदर गरिएको थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पद बहाली गरेसँगै यस्तो बक्यौता असुली गर्ने निर्णय गरेका थिए ।

# बिमा दाबी पच्चिस अर्बभन्दा बढी

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा देशभर भएका तोडफोड, आगजनी, लुटपाट र सम्पत्तिमा भएका क्षतिको बिमा दाबीको करिब दुई अर्ब रुपियाँ भुक्तानी भइसकेको छ ।

नेपाल बिमा प्राधिकरणका अनुसार हालसम्म तीन हजार १६३ वटा बिमा दाबी दर्ता भई जम्मा २५ अर्ब १४ करोड ८३ लाख रुपियाँ बराबरको दाबी आएको छ । जसमध्ये एक अर्ब ९५ करोड ४७ लाख रुपियाँ भुक्तानी भइसकेको छ ।

सञ्चालनमा रहेका १४ वटा निर्जीवन बिमा कम्पनी र चार माइक्रो इन्स्योरेन्स कम्पनीले २३ अर्ब १९ करोड ३६ लाख रुपियाँ बराबरको दाबी भुक्तानी गर्न बाँकी रहेको प्राधिकरणले जनाएको छ ।

बिमा दाबीमध्ये अहिलेसम्म सबैभन्दा धेरै सम्पत्ति बिमाबापतको भुक्तानी भएको प्राधिकरणले जनाएको छ । यस्तै संख्याका आधारमा धेरै मोटर बिमाबापतको भुक्तानी भएको छ । सम्पत्ति बिमामा ६७३ वटा दाबी परेकोमा हालसम्म एक अर्ब ५५ करोड १७ लाख रुपियाँ भुक्तानी भइसकेको छ । सम्पत्ति बीमा अन्तर्गत १९ अर्ब ७१ लाख रुपियाँ दाबी परेको थियो ।

मोटर बिमामा दुई हजार २५६ वटा दाबी परेकोमा हालसम्म अग्रिम भुक्तानीसमेत गरी करिब ३६ करोड २५ लाख दाबी भुक्तानी भएको प्राधिकरणले जनाएको छ । मोटर बिमा अन्तर्गत तीन अर्ब ४४ करोड ९५ लाख रुपियाँ दाबी परेको थियो । इन्जिनियरिङ तथा ठेक्का जोखिम बिमामा १८२ वटा दाबी परेकोमा हालसम्म अग्रिम भुक्तानीसमेत गरी करिब तीन करोड ८१ लाख दाबी भुक्तानी भएको प्राधिकरणले जनाएको छ । यस्तै अन्य बिमा शीर्षकमा ४० वटा दाबी परेकोमा हालसम्म अग्रिम भुक्तानी समेत गरी २२ लाख दाबी भुक्तानी भएको छ भने यस अन्तर्गत ३८ करोड ८६ लाख रुपियाँ दाबी परेको थियो ।

परिवहन बिमा शीर्षकमा १२ वटा दाबी परेकोमा हालसम्म भुक्तानी भएको छैन भने यस अन्तर्गत एक करोड ६३ लाख रुपियाँ दाबी परेको थियो ।

# प्रहरीलाई मजबुद नबनाई निर्वाचन असम्भव : गृहमन्त्री अर्याल

झापा(प्रस) । गृहमन्त्री ओमप्रकाश अर्यालले प्रहरीबिना आउँदो निर्वाचन असम्भव रहेको बताएका छन्। उनले निर्वाचनको वातावरण बनाउनेक्रममा प्रहरीलाई पनि श्रोत साधन र मनोबलका हिसावले संमृद्ध र शक्तिशाली बनाउनुपर्ने बताए।

शुक्रबार ७०औँ प्रहरी दिवसको अवसरमा आयोजित अमर प्रहरीप्रति श्रद्धाञ्जली कार्यक्रममा बोल्दै समाजको हरेक घटनामा प्रहरीले अग्रभागमा रहर सुरक्षा दिँदै आएको बताए।

त्यहीकारण जेन-जी आन्दोलनमा प्रहरीमाथि आक्रमण भएको र ठुलो क्षति ब्यहोर्नुपर्ने अवस्था आएको उनको भनाइ छ। 'प्रहरी अग्रपंक्तिमा भएका कारण प्रहरीलाई धेरै क्षति पुगेको छ,' मन्त्री अर्यालले भने, 'नेपाल प्रहरी र उनीहरूको स्रोत साधन नभए निर्वाचन समेत असम्भव छ।'

उनले यस विषयमा गम्भीरताका साथ सरकारले सोचेको र प्रहरीलाई स्रोतसधानका लागि आफूहरूले काम गर्ने बताए। जेन-जी प्रदर्शनसंगै बाढीपहिरोमा केही दिनअघि प्रहरीले निर्वाह गरेको भुमिकाको समेत उनले प्रशंसा गरे।

उनले अबका दिनमा प्रहरीलाई प्रविधिमैत्री बनाएर काम गर्नुपर्ने आवश्यकता रहेको बताए।


सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ